# खप्तड छेडेदह गाँउपालिका मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८०

खप्तड छेडेदह गाउँपालिका
दर्ता नं. ४
दर्ता मिति २०८०।११।१६

खप्तड छेडेदह गाँउपालिका

डोगडी, बाजुरा सुदुरपश्चिम प्रदेश नेपाल

गाउँ सभाबाट मिति................................मा पारित

# मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८०

**गाउँ सभाबाट मिति......................मा स्वीकृत**

**प्रस्तावना :**

महिनावारी वा रजस्वला किशोरी तथा महिलाहरुको शरीरमा प्रजनन् स्वास्थ्यसंग सम्वन्धित नियमित, आधारभूत एवम् प्राकृतिक प्रकृया हो । जसरी स्वास लिनु, निदाउनु, खाएको कुरा पचाउनु र मलमुत्र त्याग गर्नु नियमित शारीरिक प्रकृया हुन्, त्यसैगरी महिनावारी हुनु नितान्त शारीरिक प्रकृया हो ,तर कुनै समाजमा यसलाई अपवित्र तथा अछुत रुपमा लिने गरिएको छ । समाजमा महिनावारीसंग जोडिएका विभिन्न कुसंस्कारहरु र हानिकारक अभ्यासहरु व्याप्त रहेका छन् । जसलाई कर्णाली र सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लाहरुमा छाउपडी प्रथाको रुपमा नामाकरण गरिएको छ । कथित छाउपडी प्रथाका नाममा किशोरी तथा महिलाहरू महिनावारी हुँदा एक दिन देखि ५/६ दिन सम्म छाउपडी गोठ वा गाई वस्तुको गोठ वा असुरक्षित स्थानमा अलग्गै बस्नुपर्ने, सार्वजनिक धारा, शौचालय प्रयोग र कतिपय सार्वजनिक स्थलहरूमा प्रवेशमा बन्देज लगाउने तथा पोषणयुक्त खाने कुरा (दूध, दही, घ्यू, आदि) खान नदिने चलनका कारण किशोरी तथा महिलाहरू विरुद्ध हुने भेदभावपूर्ण व्यवहार, महिला विरुद्धको हिंसा र निजहरूको शिक्षा, स्वास्थ्य र सुरक्षामा समेत गम्भीर असर परेको देखिन्छ । सामाजिक अन्धविश्वास, परम्परागत धार्मिक मान्यताहरु,पुरातनवादी सोच, रुढीवादी परम्परा आदि यस प्रथाका मुख्य कारणहरु हुन् । यस कूप्रथाले किशोरी तथा महिलाहरुको सुरक्षा, स्वास्थ्य, आत्मसम्मान,मानव अधिकार , शिक्षा लगायतका महत्वपूर्ण सवालहरुमा नकारात्मक असर गरिरहेको छ । यस बाहेक पूर्ण सरसफाइ प्रबर्द्धनमा समेत छाउपडी कूप्रथा बाधकको रुपमा रहेको छ । यस सन्दर्भमा *राष्ट्रिय मर्यादित महिनावारी नीति २०७५* तयार भई सकेको छ ।

अन्तर्राष्ट्रीय रुपमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९लाई सन् १९९१ मा नेपालले अनुमोदन गरी नेपालको संविधान २०७२ का विभिन्न धाराहरुबाट प्रत्येक नेपालीलाई स्वतन्त्र, सम्मानपूर्वक, समानतापूर्वक स्वच्छ वातावरणमा बाँच्न पाउने हक लागायत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, उपयुक्त आवास, भेदवाव रहित जीवनयापन सम्बन्धी हकहरुको प्रत्याभुति गरेको छ । मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६८ ले महिनावारी सम्बन्धी हुने सबै किसिमका भेदभाव छुवाछुत एवम् अमानवीय व्यवहारहरुलाई दण्डनीय बनाएको छ । राष्ट्रिय मर्यादित महिनावारी नीति २०७५ ले मर्यादित महिनावारी व्यवस्थापनलाई नीतिगत रुपमा अख्तियार समेत गरेको छ । यसै सन्दर्भमा सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको पालन गर्दै नेपाल सरकारले छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ बनाइ लागु गरिसकेको परिप्रेक्षमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको जिम्मेवारी अन्तरगत छाउपडी जस्ता विभिन्न सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्ने, गराउने भनी स्पष्ट व्यवस्था गरेको छ । तसर्थ स्थानीयस्तरमा पनि यस्ता कानुनी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्दै किशोरी तथा महिलाहरुलाई सुरक्षित, स्वस्थ, स्वच्छ, सभ्य शिष्ट एवं सम्मानित जीवनयापनको प्रत्याभुत गराई महिनावारीलाई मर्यादित रुपमा व्यवस्थापन गर्न खप्तड छेडेदह गाँउपालिकाले मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८० तयार पारी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

**१: संक्षिप्त नाम र प्रारम्भः**

क. यस निर्देशिकाको नाम मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८० रहने छ ।

ख. यो निर्देशिका गाँउ सभा बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२: परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामाः

क. "मर्यादित महिनावारी" भन्नाले किशोरी तथा महिलाहरु महिनावारी हुँदा भेदभाव रहित, मर्यादित, सम्मानीत, सुरक्षित, स्वच्छ तथा स्वस्थ भएको अवस्थालाई जनाउँछ ।

ख. "समिति" भन्नाले मर्यादित महिनावारी व्यवस्थापनको कार्य सम्पादनको लागि गठित गाँउपालिका तथा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिहरुलाई जनाउँछ ।

ग. "समुह" भन्नाले मर्यादित महिनावारी व्यवस्थापनका लागि गाँउपालिका स्तरीय समितिहरुलाई आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले यस गाँउपालिका भित्र सचेतनामुलक सन्देश फैलाउन गठित बिभिन्न समुहलाई जनाउँछ ।

घ. "महिनावारीमैत्री" भन्नाले किशोरी तथा महिलाहरु महिनावारी भएको बेला उपयुक्त हुने संरचना सेवा, सुविधा र व्यवस्थालाई जनाउँछ ।

ङ. "महिनावारी सरसफाइ सामग्री" भन्नाले महिनावारी स्वच्छता व्यवस्थापनका लागि प्रयोग गरिने सरसफाइ सामग्रीहरु जस्तै सेनीटरी प्याड, ट्याम्पुन, मेन्चुरल कप, सफा कपडा, अन्डरवेयर, लुगा धुने तथा नुहाउने साबुन आदिलाई जनाउँछ ।

च. "महिनावारीका जोखिमपूर्ण अभ्यासहरु"भन्नाले महिनावारी भएको बेला असुरक्षित गोठ वा स्थानमा बस्ने, चर्पी र धाराको पहुँच नहुने, सामाजिक कार्यहरुमा विभेद गर्ने, सरसफाइ गाँउेको अवस्था तथा खानपानमा पोषणयुक्त खानाको अभाव भएको अवस्थालाई जनाउँछ ।

छ. "लक्षित अनुगमन" भन्नाले मर्यादित महिनावारी व्यवस्थापनको लागि कुनै व्यक्ति, समुह, समुदाय वा सुचकाङ्कलाई लक्षित गरी निश्चित समयावधिमा गरिने अनुगमनलाई जनाउँछ ।

ज. "स्थानीय तह" भन्नाले गाउँपालिका र गाँउपालिकालाई जनाउँछ ।

झ. "गाँउपालिका" भन्नाले खप्तड छेडेदह गाँउपालिका लाई जनाउँछ ।

ञ. "अध्यक्ष" भन्नाले गाँउपालिकाको अध्यक्षलाई जनाउँछ ।

ट. "उपाध्यक्ष" भन्नाले गाँउपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

ठ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ड. "गाउ सभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाउ सभालाई जनाउँछ ।

ढ "गाँउ कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाँउ कार्यपालिकालाई जनाउँछ ।

ण. "गाँउ कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाँउ कार्यपालिकालाई जनाउँछ ।

त. "न्यायिक समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको न्यायिक समितिलाई जनाउँछ ।

थ. "वडा" भन्नाले गाँउपालिका भित्रको वडालाई जनाउँछ ।

द. "वडा अध्यक्ष" भन्नाले गाँउपालिकाको वडा अध्यक्षलाई जनाउँछ ।

ध. "वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा समितिलाई जनाउँछ ।

न: महिनावारी स्वच्छता व्यवस्थापन क्लव भन्नाले गाँउपालिका भित्रका विध्यालयमा गठित महिनावारी स्वच्छता व्यवस्थापन क्लवलाइ जनाउँछ ।

## परिच्छेद २

## उद्देश्य

### ३ :उद्देश्य:

किशोरी तथा महिलाहरु महिनावारी हुँदा १ देखि ५ दिन सम्म छाउ गोठ वा गाई वस्तुको गोठ वा असुरक्षित स्थानमा बस्नु पर्ने, सार्वजनिक धारा, शौचालय प्रयोग र कतिपय सार्वजनिक स्थलहरुमा प्रवेशमा बन्देज लगाउने तथा पोषणयुक्त खाने कुरा (दुध, दही, ध्यू, आदि) खान नदिने चलनका कारण किशोरी तथा महिलाहरु बिरुद्ध हुने भेदभावपूर्ण व्यवहार,मानव अधिकारको हनन, महिला बिरुद्धको हिंसा र निजहरुको स्वास्थ्य र सुरक्षामा समेत गम्भीर असर पर्ने भएकोले यस्तो कुप्रथाको उन्मूलन गरी समतामूलक हुँदै समानतापूर्ण समाजको स्थापना गर्ने यो निर्देशिकाको प्रमुख उद्देश्य रहेको छ । यस निर्देशिकाका बिशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन:



खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

क. महिनावारीको सवाललाई सम्मानजनक रुपमा समाजमा स्थापित गर्दै महिनावारीलाई मर्यादित बनाउन सहयोग पुर्‍याउने,

ख. महिनावारी सम्बन्धमा समाजमा देखिएको रुढीवादी कुसंस्कार, कुरीती र अन्धविश्वास सम्बन्धी धारणा एवं गलत अभ्यासहरुलाई निरुत्साहित गर्दै किशोरी, महिला तथा आश्रीत वालवालिकाहरुको स्वास्थ्य, शिक्षा र सुरक्षाको अवस्था प्रत्याभूत गराउने,

ग. महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी आधारभुत सेवा, सुविधा र सामग्रीको उपलब्धताको पहुँच बढाउने ।

घ.गाँउपालिकालाइ मर्यादित महिनावारीमैत्री पालिकाको रुपमा विकास गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

### ४: मुख्य कार्यक्रम

मर्यादित महिनावारी व्यवस्थापनको लागि गाँउपालिकाले निम्नानुसारको कार्यक्रम लागु गर्नेछ ।

(१) कथित छाउपडी कुप्रथाको अवस्था वा महिनावारी व्यवस्थापनका अभ्यासहरुको वर्तमान अवस्था सम्बन्धी तथ्याङ्क संकलन गरी बिश्लेषण गर्ने ।

(२) महिनावारी स्वच्छता व्यवस्थापन तथा छाउपडी सम्बन्धी जोखिमपूर्ण अभ्यासहरुको नकारात्मक प्रभावको बारेमा लक्षित समुहलाई सुचित गराउदै सचेतनामूलक कृयाकलापहरु सञ्चालन गर्ने, गराउने ।

(३) किशोरी तथा महिलाहरुको स्वास्थ्य, पोषण, सुरक्षा तथा आत्मसम्मान सम्बन्धमा सचेतीकरण हुने कार्यक्रम लागु गर्ने, गराउने ।

(४) छाउपडी कुप्रथाको अन्त्य गर्न सहयोग गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने ।

(५) महिनावारी स्वच्छता मैत्री व्यवस्था तथा संरचना निर्माण गर्ने, गराउने ।

(६) गाँउपालिका भित्रका टोल ,वडा हुदै गाँउपालिकालाइ नै मर्यादित महिनावारीमैत्री घोषणा गर्न आधार तयार गर्ने ।

(७) अन्य सान्दर्भिक कार्यक्रमहरुको आयोजना गर्ने, गराउने ।

### ५:क्षमता विकासका कृयाकलाप

क. गाँउपालिका स्तरमा मर्यादित महिनावारी व्यवस्थापनका लागि आवधिक तथा आवश्यकता अनुसार नीतिगत विषयमा गोष्ठी तथा कार्यशालाहरु,

ख. गाँउपालिका/गाँउपालिकाको अवस्था बिश्लेषण तथा योजना तर्जुमा गोष्ठी,

ग. सूचना तथा तथ्यांक संकलन सम्बन्धी तहगत अभिमुखिकरण,

घ. गाँउपालिकाको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय, गाँउपालिका स्तरीय बिभिन्न सञ्जालहरु, वाल क्लब, किशोरी समुह, महिनावारी स्वच्छता व्यवस्थापन क्लव, धार्मिक तथा सामाजिक अगुवाहरु, स्वास्थ्यकर्मीहरु, विद्यालयस्तरिय खानेपानी तथा स्वच्छता व्यवस्थापन समन्वय समिति, स्वास्थ्य आमा समुह, महिला स्वास्थ्य स्वयंसेविका लगायत अभियानमा सम्मिलित सबैको लागि मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी तहगत अभिमुखीकरण, गोष्ठी तथा तालिम,

ङ. महिनावारी स्वच्छता व्यवस्थापनका लागि स्थानीय स्तरमा पुनः प्रयोग गर्न सकिने सेनीटरी प्याड निर्माण तालीम तथा समुदायमा सीप हस्तान्तरण कार्यकमहरु,

च. शिक्षक, पत्रकार, किशोरी, महिला, धामी, झाँक्री, पूजारी, मुखिया, बालवालिका, बृद्धबृद्धा, सासु, बुहारीमा मर्यादित महिनावारी बारे बिशेष कार्यकमहरु तथा अवलोकन भ्रमण,

छ. मर्यादित महिनावारी क्षेत्र घोषणा कार्यकमको लागि अभिमुखीकरण,

ज. जनचेतनाका लागि मिडिया परिचालन तथा चेतनामूलक सामग्री प्रसारण,

झ. सूचना, शिक्षा तथा सञ्चार व्यवस्थापन,

ञ. समिक्षा गोष्ठी,

ट. अन्य सान्दर्भिक क्षमता विकासका कृयाकलापहरु ।

ठ. संघीय सरकार, स्थानिय सरकार र विभिन्न अन्तराष्ट्रिय /राष्ट्रिय गैह्रसरकारी संस्थाहरुको सहयोग समन्वय र सहकार्यमा महिनावारी व्यवस्थापनको लागि भइरहेका कामहरुको निरन्तरता र थप प्रभावकारिताका लागि छलफल, योजना तर्जुमा गोष्ठी,

**६: लक्षित समुह**

क. किशोरी, महिला तथा आश्रीत बालबालिका,

ख. किशोरी समुह, महिला समुह, आमा समुह, उपभोक्ता समिति,महिला स्वास्थ्य स्वयंसेविका, महिला सञ्जाल, वाल क्लब आदि,

ग. समुदाय (धामी, झाँक्री, पूजारी, जेष्ठ नागरिक तथा परिवारका अन्य सदस्यहरु, सामाजिक तथा धार्मिक मुखिया),

घ. शिक्षण तथा स्वास्थ्य संस्थाहरु,

ङ. स्थानीय तह स्थित विभिन्न सञ्जाल तथा मञ्च,

च. अन्य सरोकारवाला ।

**७ :कार्यक्रम सञ्चालन गर्ने निकाय**

क. मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी दफा ४ र ५ वमोजिमको कार्यक्रमहरु सञ्चालन गर्न गाँउपालिका मूख्य जिम्मेवार निकाय हो । उक्त कार्यक्रमहरु सञ्चालनमा विशिष्टिकृत भुमिका बहन गर्नको लागि यस गाँउपालिकाले देहाय बमोजिमका समितिहरु गठन गर्नेछ ।

ख. गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

| | |
|---|---|
| (१) अध्यक्ष | संरक्षक |
| (२) उपाध्यक्ष | संयोजक |
| (३) गाँउ कार्यपालिका का सदस्यहरु | सदस्य |
| (४) गाँउपालिका अन्तरगत महिला वालवालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| (५) गाँउपालिका अन्तरगत खा.पा. तथा सरसफाइ स्वच्छता/पुर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (६) गाँउपालिका अन्तरगत स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (७) गाँउपालिका अन्तरगत शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख | सदस्य |
| (८) गाँउपालिका अन्तरगत कृषि शाखा प्रमुख | सदस्य |
| (९) गाउँपालिका अनतरगत सुचना प्रविधि शाखा प्रमुख | समस्य |
| (१०) गाँउपालिका स्तरीय महिला सञ्जाल प्रतिनिधि | सदस्य |
| (११) गाँउपालिका स्तरीय वाल क्लब प्रतिनिधि | सदस्य |
| (१२) सामाजिक तथा धार्मिक नेता प्रतिनिधि (२ जना) | सदस्य |
| (१३) विद्यालय प्रतिनिधि (२ जना) | सदस्य |
| (१४) मिडिया प्रतिनिधि (१ जना) | सदस्य |
| (१५) विभिन्न सरोकारवाला संघ संस्था प्रतिनिधि (१ जना प्रति संस्था) | सदस्य |

(१६) सुरक्षा निकायका प्रतिनिधि — सदस्य

(१७) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

(१) वडा अध्यक्ष — संयोजक

(२) वडा समितिका सदस्यहरु — सदस्य

(३) वडा स्थित स्वास्थ्य संस्था प्रमुख — सदस्य

(४) वडा स्तरीय महिला सञ्जाल प्रतिनिधि — सदस्य

(५) वडा स्तरीय बाल क्लब प्रतिनिधि — सदस्य

(६) किशोरी समुह/साथी समुह वा अन्य समुह प्रतिनिधि — सदस्य

(७) समाजिक महिला अभियन्ता/आमा समुह प्रतिनिधि — सदस्य

(८) महिला स्वास्थ्य स्वयंसेविकाहरु (सबै) — सदस्य

(९) सामाजिक तथा धार्मिक नेता प्रतिनिधि (२ जना) — सदस्य

(१०) विद्यालय प्रतिनिधि (२ जना) — सदस्य

(११) मिडिया प्रतिनिधि (१ जना) — सदस्य

(१२) वडा सचिव — सदस्य सचिव

**८: बैठक**

क. गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ ।

ख. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

ग. समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

घ. समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनेछ ।

ङ. कम्तिमा तीन महिला सदस्य सहित समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

च. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

छ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

ज. बैठक सम्बन्धी अन्य कार्यविधि सम्बन्धित समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

झ. प्रत्येक छ महिनामा गाँउपालिका तथा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको संयुक्त प्रगति समिक्षा बैठक बस्नेछ ।

## परिच्छेद ४

## भुमिका तथा जिम्मेवारी

गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

**९ : सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी**

**क. गाँउपालिका**

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी संघीय, प्रादेशिक तथा गाँउपालिका स्तरीय कानूनको पूर्ण कार्यान्वयन गर्ने, गराउने,

(२) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी सङ्कलित सूचना तथा तथ्याङ्कको अभिलेख राख्ने,

(३) मर्यादित महिनावारी व्यवस्थापनका लागि बजेटको व्यवस्था गर्ने,

(४) विद्यालय तथा अन्य सार्वजनिक स्थलहरूमा महिनावारीमैत्री मापदण्डको आधारमा आधारभुत खानेपानी तथा सरसफाइ स्वच्छताका संरचनाहरु निर्माण गर्ने, गराउने,

(५) गाँउपालिका तथा वडा स्तरीय समितिहरुको कार्य सम्पादनको अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यक सल्लाह सुझाव दिने,

(६) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, समुह, संघ संस्था, नमुना घर, समुदाय, टोल तथा वडालाई सम्मान तथा पुरस्कृत गर्ने,

(७) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र/महिनावारी स्वच्छता व्यवस्थापनमैत्री घोषणा अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, गराउने,

(८) मातहतका समितिहरु र अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(९) गाँउपालिका भित्रका विध्यालय, सार्वजनिक स्थलमा स्थापित महिनावारी स्वच्छता व्यवस्थापनका सेवा र सुविधाहरुको नियमित नियमन, अनुगमन, मर्मत सम्भार र थप व्यवस्थित गर्दै मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणाका लागि मापदन्ड पुगेमा घोषणा गर्ने।

(१०)नियमित अनुगमन गर्ने,

(११) उजुरीहरुमाथि आवश्यक कारवाही गर्ने,

(१२) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न निकायसंग छलफल, योजना निर्माण, सहकार्य, साझेदारीको कार्य गर्ने ।

(१३) गाँउपालिकामा खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्न आवस्यक रणनितिक योजना,निर्देशिका,कार्यविधिहरु तयार गरि कार्यान्वयनमा ल्याउने।

**ख. गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति**

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(२) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गरी गाँउपालिकामा पेश गर्ने,

(३) विद्यालय तथा अन्य सार्वजनिक स्थलहरूमा महिनावारी मैत्री खानेपानी तथा सरसफाइका संरचना भए नभएको एकिन गरी गाँउपालिकालाई प्रतिवेदन गर्ने र नभएको भए सो बमोजिम निर्माणको लागि सुझाउने,

(४) वडा स्तरीय समितिहरुलाई कार्ययोजना बमोजिम कार्य सम्पादनमा आवश्यक सहयोग गर्ने र आवश्यकता अनुसार सल्लाह सुझाव दिने,

(५) मर्यादित महिनावारी व्यवस्थापनको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक क्षमता विकासका कृयाकलापहरु पहिचान गरी सञ्चालन गर्ने,

(६) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्ने,

(७) व्यवहार परिवर्तका लागि सूचना, शिक्षा, सञ्चार सम्बन्धी कृयाकलापहरु प्राथमिकताका साथ सञ्चालन गर्ने,

(८) मातहतका समितिहरु र अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(९) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र/ महिनावारी स्वच्छता व्यवस्थापनमैत्री घोषणा अभियान सक्रिय रुपमा सञ्चालन गर्ने,

(१०) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट योगदान गर्ने व्यक्ति, समुदाय तथा संघ संस्था पहिचान गरी गाँउपालिकालाई प्रतिवेदन पेश गर्ने,

(११) वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले पेश गरेका प्रतिवेदनहरुलाई एकाकार गरी गाँउ कार्यपालिकामा पेश गर्ने,

(१२) गाँउपालिका भित्रका विध्यालय, सार्वजनिक स्थलमा स्थापित महिनावारी स्वच्छता व्यवस्थापनका सेवा र सुविधाहरुको नियमित नियमन, अनुगमन, मर्मत सम्भार र थप व्यवस्थित गर्दै मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणाका लागि मापदन्ड पुगेमा गाँउपालिकालाइ घोषणाको लागि सिफारिस गर्ने ।

(१२) उजुरीहरुको सुनुवाईको लागि सहजीकरण गर्ने,

(१३) नियमित अनुगमन गर्ने ।

## ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

(१) गाँउपालिका स्तरीय समितिले उपलब्ध गराएको कार्यक्रम अनुसार विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने

(२) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी आधारभुत तथा आवधिक सूचना तथा तथ्याङ्क सङ्कलन गरी गाँउपालिका स्तरीय समितिमा पेश गर्ने

(३) कार्यक्रम सञ्चालन गर्दा सबै लक्षित वर्ग समेटिएको सुनिश्चित गर्ने,

(४) विद्यालय तथा अन्य सार्वजनिक स्थलहरुमा भएका खानेपानी तथा सरसफाइ स्वच्छता सम्बन्धी संरचनाहरुको अनुगमन गरी महिनावारी मैत्री संरचना र तिनको प्रयोग भए नभएको सन्दर्भमा गाँउपालिका स्तरीय समितिलाई प्रतिवेदन गर्ने,

(५) मर्यादित महिनावारी व्यवस्थापनको लागि महिनावारी स्वच्छता व्यवस्थापन र छाउपडी सम्बन्धी विभिन्न तालीम, गोष्ठी तथा अभियानहरु सञ्चालन गर्ने,

(६) मर्यादित महिनावारी व्यवस्थापनको आवधिक प्रगति प्रतिवेदन गाँउपालिका स्तरीय समितिमा पेश गर्ने,

(७) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्ने,

(८) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट व्यक्ति, समुदाय तथा संघ संस्था पहिचानमा गाँउपालिका स्तरीय समितिलाई सहयोग गर्ने,

(९) व्यवहार परिवर्तका लागि सूचना, शिक्षा, सञ्चार सम्बन्धी कृयाकलापहरु प्राथमिकताका साथ सञ्चालन गर्ने,

(१०) मर्यादित महिनावारी व्यवस्थापनयुक्त/महिनावारी स्वच्छता व्यवस्थापनमैत्री क्षेत्र घोषणा अभियान सक्रिय रुपमा सञ्चालन गर्ने,

(११) गाँउपालिका स्तरीय समितिलाई आवश्यक सहयोग गर्ने,

(१२) वडा भित्रका विद्यालय,सार्वजनिक स्थलमा स्थापित महिनावारी स्वच्छता व्यवस्थापनका सेवा र सुविधाहरुको नियमित नियमन, अनुगमन, मर्मत सम्भारका लागी सहयोग, सिफारिस गर्ने ।

(१२) नियमित अनुगमन गर्ने ।

## घ. धामी, झाँक्री, पूजारी, मुखिया तथा जेष्ठ नागरिक

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी आयोजित क्रियाकलापहरुमा सहभागी भई यस सम्बन्धी सकारात्मक धारणा विकास गराउने,

(२) महिनावारीको सम्बन्धमा सकारात्मक सन्देशहरु प्रवाहमा सहयोग गर्ने,

(३) महिनावारीका मर्यादित व्यवहारहरुलाई आत्मसाथ गरी नमुना व्यवहार प्रदर्शनमा सहयोग गर्ने,



खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगडी, बाजुरा

(४) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा रोल मोडेलको भूमिकाका साथ सरिक हुने ।

**ङ. विद्यालय**

(१) विद्यालयमा महिनावारी स्वच्छतामैत्री खानेपानी तथा सरसफाइ स्वच्छताका संरचना, सुविधा र सेवा अनिवार्य गरी उचित रुपमा प्रयोग गर्ने, गराउने र ति सुविधा र संरचनाहरुको नियमित रुपमा सञ्चालन तथा मर्मत संभार व्यवस्थापन गर्ने,

(२) विद्यालयमा मर्यादित महिनावारीका नमुना व्यवहारहरु अबलम्बन एवम् प्रदर्शन गराउने, र बालबालिका तथा अभिभावक समक्ष त्यसको प्रचार गर्ने,

(३) महिनावारी शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने,

(४) पठनपाठनमा बाधा नपुग्ने गरी मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी विभिन्न कृयाकलापहरुमा सहभागिता जनाउने,

(५) विद्यालयमा महिनावारी सरसफाइ सेवा ,सुविधा र सामग्रीको व्यवस्थापन गर्ने,

(६) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सरिक हुने ।

(७) विद्यालयस्तरमा महिनावारी स्वच्छता व्यवस्थापनका लागी स्थापित क्लव,समुह र सञ्जालहरुलाई आवस्यक सहयोग गर्ने।

(८) विद्यालयस्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समितिलाइ सक्रिय वनाइ खानेपानी तथा सरसफाइ स्वच्छता प्रर्वद्धनमा सहयोग पुर्‍याउने ।

**च. उपभोक्ता समिति तथा अन्य समुह**

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी विभिन्न कृयाकलापहरुमा सरिक हुने,

(२) महिनावारी सम्बन्धी सकारात्मक सन्देश फैलाउने,

(३) आफ्नो समिति वा समुहका सम्पूर्ण सदस्यहरुलाई नमुना व्यवहार अबलम्बन एवम् प्रदर्शन गर्न लगाउने,

(४) नियमित बैठकमा महिनावारी शिक्षा सम्बन्धी छलफल गर्ने,

(५) स्वस्थकर आनिबानी अपनाउने र अरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

(६) विभिन्न सचेतनामुलक अभियानहरु तथा क्षमता विकासका कृयाकलापहरु सञ्चालन गर्ने,

(७) खानेपानी (धारा), सरसफाइ (चर्पी), पोषण (दुध, दही, ध्यू, आदि) लगायतका सेवा सुविधामा महिनावारी भएको किशोरी तथा महिलाको पहुँच पुरयाउन सहयोग गर्ने,

(८) गाँउपालिका र मर्यादित महिनावारी व्यवस्थापन समितिले सम्पादन गर्ने कार्यमा सक्रिय सहयोग गर्ने,

(९) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सक्रिय रुपमा सरिक हुने,

(१०) नियमित अनुगमन गर्ने ,

**छ. स्वास्थ्य संस्था**

(१) स्वास्थ्य संस्थामा महिनावारीमैत्री खानेपानी तथा सरसफाइ संरचना, सेवा र सुविधा अनिवार्य गरी सो को उचित रुपमा प्रयोग गर्ने र ती संरचनाहरुको सञ्चालन तथा मर्मत संभार व्यवस्थापन गर्ने,

(२) सेवाग्राहीलाई महिनावारी सरसफाइ, स्वच्छता एवं पोषण सम्बन्धी आवश्यक परामर्श दिने कार्यलाई अनिवार्य गर्ने,

(३) मर्यादित महिनावारी व्यवस्थापनको लागि गाँउपालिका वा व्यवस्थापन समितिहरुले आयोजना गर्ने विभिन्न कार्यक्रममा स्वास्थ्य संस्थासंग सम्बन्धित सञ्जाल एवं व्यक्तिहरु परिचालन गर्ने गराउने,

(४) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सरिक हुने ।

(५) समुदायस्तरमा महिनावारी स्वच्छता व्यवस्थापन शिक्षा अभिवृद्धि गर्न सहयोग पुर्‍याउने ।

(६) महिला स्वास्थ्य स्वयंसेविका मार्फत समुदायस्तरमा सन्चालन गरिने घर भेटघाट,बैठक भेला आदिमा महिनावारी विषयलाइ पनि प्राथमिकता दिने र सोही अनुसार रिपोर्टीङ.गर्ने ।

## परिच्छेद ५

## अनुगमन तथा प्रतिवेदन

### ११ : अनुगमन

क. मर्यादित महिनावारी व्यवस्थापनको लागि गाँउपालिका, वडा समिति तथा मर्यादित महिनावारी व्यवस्थापन समितिहरु अनुगमनको लागि प्रमुख जिम्मेवार हुनेछन् ।

ख. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले नियमित रुपमा महिनावारी व्यवस्थापनको अवस्था अनुगमन गर्नेछ । औपचारिक अनुगमन कम्तिमा प्रत्येक छ महिनामा हुनेछ । लक्षित अनुगमन, समितिले निर्णय गरे बमोजिम कुनै पनि बेलामा हुन सक्नेछ ।

ग. गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले वर्षमा एक पटक अनुगमन गर्नेछ । लक्षित अनुगमन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

घ. गाँउपालिका र वडा समितिले निर्णय गरे बमोजिम अनुगमन गर्नेछन् ।

ङ.नागरिक समाजले पनि मर्यादित महिनावारी व्यवस्थापनको सन्दर्भमा अनुगमन गर्न सक्नेछ ।

च. अनुगमन गर्ने बिधि गाँउपालिका, वडा समिति वा मर्यादित महिनावारी व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

### १२ : प्रतिवेदन

क. दफा १० को 'ख' अनुसार गरिने अनुगमनको आधारमा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले महिनावारी स्वच्छता व्यवस्थापन र महिनावारीका जोखिमपूर्ण अभ्यासहरुको वास्तविक अवस्थाको प्रतिवेदन तयार पारी गाउँपालिका/गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिमा प्रत्येक छ महिनामा पेश गर्नेछ ।

ख. लक्षित अनुगमनको क्रममा पाईएको महिनावारी स्वच्छता व्यवस्थापन र महिनावारीका जोखिमपूर्ण अभ्यासहरुको अवस्थाको सन्दर्भमा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले आफ्नो नियमित बैठकमा छलफल गर्नेछ र सो को जानकारी गाउँपालिका/गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिमा दिनेछ ।

ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले पेश गरेका प्रतिवेदनहरुलाई गाउँपालिका/गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले एकाकार गरी गाउँ/गाँउ कार्यपालिकामा पेश गर्नेछ । गाउँ/गाँउ कार्यपालिकाले अगामी बैठकमा समिक्षा गरी अभिलेख अध्यावधिक गर्न लगाउनेछ ।

घ. गाउँपालिका/गाँउ कार्यपालिकाले महिनावारी व्यवस्थापनको वार्षिक प्रतिवेदन तयार पारी समिक्षा तथा आवश्यक निर्णयार्थ गाउँ/गाँउ सभामा पेश गर्नेछ ।

ङ. मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी प्रतिवेदन अनुसूचि २ र ३ मा उल्लेखित फारामहरु अनुसार सङ्कलित तथ्याङ्कको आधारमा तयार पारिनेछ ।

## परिच्छेद ६

## विविध

### ११ : अवस्था विश्लेषण तथा वार्षिक योजना तर्जुमा

क. गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले महिनावारी सम्बन्धी अनुसूचि १ अनुसारको ढाँचामा आधारित अवस्था बिश्लेषण गरी गाँउपालिकाको वार्षिक योजना तर्जुमा गर्नेछ ।

### १२ : तथ्याङ्क सङ्कलन



बुढीगंगा/..., गाउँ कार्यपालिकाको कार्यालय डोगडी, बाजुरा सुदूरपश्चिम प्रदेश नेपाल

क. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले अनुसूचि २ को 'क' र 'ख' तथा अनुसूचि ३ को 'क' मा उल्लेखित फारामअनुसारको तथ्याङ्कगत सूचनाहरु आधारभुत (शुरुमा) तथा आवधिक (प्रत्येक ६ महिनामा) रुपमा संकलन गरी प्रतिवेदनको रुपमा गाउँ/गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिमा पेश गर्नेछ ।

ख. गाँउपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले पेश गरेका दफा १३ को 'क' मा उल्लेखित तथ्याङ्कगत सूचनाहरु एकाकार गरी प्रतिवेदनको रुपमा गाँउपालिकामा पेश गर्नेछ ।

ग. आधारभुत तथ्याङ्क संकलन गर्दा सम्पूर्ण घरहरुबाट प्रत्येक ६ महिनामा प्रगति सम्बन्धी तथ्याक संकलन गर्दा नमुना विधि अपनाई निश्चित घरपरिवारबाट तथ्याङ्क सङ्कलन गरिनेछ ।

## १३ :पुरस्कार तथा दण्ड

क. गाँउपालिकाले किशोरी तथा महिलाको रजस्वला वा छाउपडी सम्बन्धी भेदभावलाई दण्डनीय अपराधको रुपमा व्यवस्था गरिएको कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नेछ ।

ख. मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, समुह, संघ संस्था, नमुना घर, समुदाय, टोल तथा वडालाई गाँउपालिकाले सम्मान तथा पुरस्कृत गर्नेछ । यसको लागि गाँउकार्यपालिकाले मापदण्ड तय गरी व्यक्ति, घर, समुह टोल, संघ संस्था आदि छनौट गर्नेछ ।

## १४ : मर्यादित महिनावारी व्यवस्थापनयुक्त/महिनावारी स्वच्छता व्यवस्थापनमैत्री क्षेत्र घोषणा

क.गाँउपालिकाले घर, छिमेक, टोल, गाउँ, वडा हुँदै गाँउपालिकालाई नै मर्यादित महिनावारी व्यवस्थापनयुक्त/महिनावारी स्वच्छता व्यवस्थापनमैत्री क्षेत्र घोषणा गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछ ।

ख. दफा १५ को 'क' मा उल्लेखित अवस्था परिपुर्ति हुन देहाय बमोजिमका न्यूनतम आधारहरुलाई ध्यान दिईनेछ ।

(१) महिनावारी भएका किशोरी तथा महिलाको सरसफाइको लागि धारा र चर्पीमा पहुँच,

(२) महिनावारी भएका किशोरी तथा महिलाको सुरक्षित बस्ने तथा सुत्ने स्थानको उपलब्धता,

(३) महिनावारी भएका किशोरी तथा महिलालाई पोषणयुक्त खानेकुराहरु (दुध, दही, घिउ)मा पहुँच,

(४) महिनावारी भएका किशोरी तथा महिलाको महिनावारी सरसफाइ सामग्रीसंगको पहुँच, प्रयोग तथा पुनः प्रयोगको ज्ञान र उचित बिर्सजन गर्ने व्यवस्था,

(५) विद्यालय सहित प्रत्येक सार्वजनिक स्थलमा महिनावारी मैत्री खानेपानी तथा सरसफाइ स्वच्छताका संरचनाको व्यवस्था,

(छ) समुदायस्तरमा महिनावारी विभेद, व्यवाहार परिवर्तनको अवस्थामा सुधार ,

## १५ : बिशेषाधिकार :

क. यस निर्देशिकामा भएका दफाहरूको संशोधन गर्ने अधिकार गाँउ सभामा रहनेछ ।

ख. यस निर्देशिकामा भएका दफाहरू स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार गाँउपालिकाको न्यायिक समितिमा रहनेछ ।

## १६ :निर्देशिकाको कार्यान्वयन तथा पालना :

क. गाँउपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, विभिन्न, समिति तथा समुह, अन्य सरोकारवाला र सम्बद्ध सबैले यो निर्देशिकाको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## १७ : निष्कृयता :

क. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

## १८ : कार्ययोजना :



गाउँ कार्यपालिकाको कार्यालय
बुढीनन्दा गाउँपालिका
बाजुरा

क. गाँउपालिकाकाले यस निर्देशिकाको अधिनमा रही मर्यादित महिनावारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक कार्ययोजना बनाई लागु गर्नेछ ।

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

# अनुसूचि १: अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम

## खप्तड छेडेदह गाँउपालिका

## अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम

| क.स. | समस्या/जोखिमपूर्ण व्यवहार | कारण | मुख्य बाधकहरु | सामाधानको लागि प्रस्तावित कृयाकलापहरु | आवश्यक बजेट | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | समुदाय | न.पा | अन्य | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

अनुसूचि २: समुदायको स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन तथा महिनावारी अभ्यासको अवस्था सर्वेक्षण फाराम

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

क. टोल/गाउँ स्तरीय घरधुरी सर्वेक्षण फाराम

खप्तड छेडेदहगाँउपालिका/गाँउपालिका

## महिनावारी स्वच्छता व्यवस्थापन तथा महिनावारी अभ्यासको अवस्था सर्वेक्षण फाराम

वडा नं.:.................. टोल/गाउँ:.................. टोल/गाउँको जम्मा घरधुरी संख्या::....................

| क.सं. | सुचक | घर नं...... | घर नं...... | घर नं...... | घर नं...... | घर नं...... | घर नं...... | घर नं...... | टोलको जम्मा घरधुरीको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घरमुलीको नाम | घरमुलीको नाम | घरमुलीको नाम | घरमुलीको नाम | घरमुलीको नाम | घरमुलीको नाम | घरमुलीको नाम | | | | |
| | | ............ | ............ | ............ | ............ | ............ | ............ | ............ | | | | |
| | | हालको अवस्था | हालको अवस्था | हालको अवस्था | हालको अवस्था | हालको अवस्था | हालको अवस्था | हालको अवस्था | जम्मा घरधुरी संख्या | | प्रतिशत | |
| | | छ/छैन | छ/छैन | छ/छैन | छ/छैन | छ/छैन | छ/छैन | छ/छैन | छ, | छैन | छ, | छैन |
| १ | महिनावारी भएको वेला छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | |
| २ | सुत्केरी भएको वेला छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | |
| ३ | महिनावारी र सुत्केरी भएको वेला एउटै छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | |
| ४ | महिनावारी भएको वेला गाई वस्तुको गोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | |
| ५ | सुत्केरी भएको वेला गाई वस्तुको गोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | |
| ६ | महिनावारी भएको वेला घरभित्र बस्ने गरेको छ ? | | | | | | | | | | | |
| ७ | सुत्केरी भएको वेला घरभित्र बस्ने गरेको छ ? | | | | | | | | | | | |
| ८ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | |
| ९ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्दा घरका अन्य सदस्यले सहजै अनुमति दिएको छ ? | | | | | | | | | | | |
| १० | महिनावारी भएका वेला सेनीटरी प्याड (पुन: प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | |
| ११ | सेनीटरी प्याड ( पुन: प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको भए प्रयोग गरीसकेपछि, त्यसको बिसर्जन गर्ने गरेको छ ? | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेनीटरी प्याड ( पुन: प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको भए प्रयोग गरीसकेपछि, कसरी बिसर्जन गर्ने गरेको छ ?<br>क. खाल्डोमा पुर्ने गरेको छ<br>ख. जलाउने गरेको छ<br>ग. बारी वा बनपाखामा मिल्काउने गरेको छ<br>घ. खोलामा बगाउने गरेको छ<br>ङ. फोहर फाल्ने ठाउँमा फाल्ने गरेको छ<br>(क, ख, ग, घ, ङ उल्लेख गर्नुहोस्) | | | | | | | | | | | |
| १३ | महिनावारी भएको बेला घरैमा बनाएको सुरक्षित प्याड लगाउने बानी छ ? | | | | | | | | | | | |
| १४ | घरमा निर्मित सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | | | | | | | | | |
| १५ | महिनावारी भएको वेला सेनीटरीप्याड प्रयोग गरेपछि सावुन पानीले हात धुने गरेको छ ? | | | | | | | | | | | |
| १६ | महिनावारी भएको वेला कपडा धुन साबुन वा डिटरजेन्ट प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | |
| १७ | महिनावारी भएको वेला कपडा धुन खरानी प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | |
| १८ | महिनावारी तथा सुत्केरी भएको वेला सार्वजनिक धारा प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | |
| १९ | महिनावारी तथा सुत्केरी भएको वेला नियमित नुहाउने गरेको छ ? | | | | | | | | | | | |
| २० | के महिनावारी तथा सुत्केरीको भएको किशोरी तथा महिलाले अलग्गै धारामा वा खोलामा गई नुहाउने गरेको छ ? | | | | | | | | | | | |
| २१ | महिनावारी तथा सुत्केरी भएको वेला पोषणक्त खाना (दुध दही, घिउ ) खाने गरेको छ ? | | | | | | | | | | | |
| २२ | महिनावारी भएको किशोरी तथा महिला विद्यार्थीहरु विद्यालय जान पाउछन् ? | | | | | | | | | | | |
| २३ | महिनावारी भएको बेला चाहिने सरसफाइ सामग्रीहरुको बारेमा जानकारी छ ? | | | | | | | | | | | |
| २४ | महिनावारी स्वच्छता व्यवस्थापनवारे सामान्य जानकारी छ ? | | | | | | | | | | | |
| २५ | वडा कार्यालय वा अन्य कुनै संघ संस्थाले महिनावारी सम्वन्धि तपाइको टोलमा कुनै सचेतनामुलक कार्यक्रम गरेको जानकारी छ ? | | | | | | | | | | | |

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

खपतड छेडेदह गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

## ख. वडा स्तरीय घरधुरी सर्वेक्षण फाराम

### खप्तड छेडेदह गाँउपालिका

### महिनावारी स्वच्छता व्यवस्थापन तथा महिनावारी अभ्यासको अवस्था सर्वेक्षण फाराम

वडा नं.:.................. वडाका जम्मा टोल/गाउँ संख्या .................. वडाको जम्मा घरधुरी संख्याः:...................

| क्र. सं. | सुचक | टोल/गाउँको नाम .......................... | | टोल/गाउँको नाम .......................... | | टोल/गाउँको नाम .......................... | | टोल/गाउँको नाम .......................... | | वडाको जम्मा घरधुरीको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | जम्मा घरधुरी संख्या | | प्रतिशत | |
| | | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | छ | छैन | छ | छैन |
| १ | महिनावारी भएको वेला छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| २ | सुत्केरी भएको वेला छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| ३ | महिनावारी र सुत्केरी भएको वेला एउटै छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| ४ | महिनावारी भएको वेला गाई वस्तुको गोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| ५ | सुत्केरी भएको वेला गाई वस्तुको गोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| ६ | महिनावारी भएको वेला घरभित्र बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| ७ | सुत्केरी भएको वेला घरभित्र बस्ने गरेको छ ? | | | | | | | | | | | | |
| ८ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | |
| ९ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्दा घरका अन्य सदस्यले सहजै अनुमति दिएको छ ? | | | | | | | | | | | | |
| १० | महिनावारी भएका वेला सेनीटरी प्याड (पुनः प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | |
| ११ | सेनीटरि प्याड ( पुनः प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको भए प्रयोग गरीसकेपछि, त्यसको बिसर्जन गर्ने गरेको छ ? | | | | | | | | | | | | |
| १२ | सेनीटरी प्याड ( पुनः प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको भए प्रयोग गरीसकेपछि, कसरी बिसर्जन गर्ने गरेको छ ?<br>क. खाल्डोमा पुर्ने गरेको छ | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ख. जलाउने गरेको छ<br>ग. बारी वा बनपाखामा मिल्काउने गरेको छ<br>घ. खोलामा बगाउने गरेको छ<br>ङ. फोहर फाल्ने ठाउँमा फाल्ने गरेको छ<br>(क, ख, ग, घ, ङ उल्लेख गर्नुहोस्) | | | | | | | | | | | | |
| १३ | महिनावारी भएको बेला घरैमा बनाएको सुरक्षित प्याड लगाउने बानी छ ? | | | | | | | | | | | | |
| १४ | घरमा निर्मित सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | | | | | | | | | | |
| १५ | महिनावारी भएको वेला सेनीटरि प्याड प्रयोग गरेपछि साबुन पानीले हात धुने गरेको छ ? | | | | | | | | | | | | |
| १६ | महिनावारी भएको वेला कपडा धुन साबुन वा डिटरजेन्ट प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | |
| १७ | महिनावारी भएको वेला कपडा धुन खरानी  प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | |
| १८ | महिनावारी तथा सुत्केरी भएको वेला सार्वजनिक धारा प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | |
| १९ | महिनावारी तथा सुत्केरी भएको वेला नियमित नुहाउने गरेको छ ? | | | | | | | | | | | | |
| २० | के महिनावारी तथा सुत्केरीको भएको किशोरी तथा महिलाले अलग्गै धारामा वा खोलामा गई नुहाउने गरेको छ ? | | | | | | | | | | | | |
| २१ | महिनावारी तथा सुत्केरी भएको वेला पोषणक्त खाना (दुध दही, घिउ ) खाने गरेको छ ? | | | | | | | | | | | | |
| २२ | महिनावारी भएको किशोरी तथा महिला विद्यार्थीहरु विद्यालय जान पाउछन् ? | | | | | | | | | | | | |
| २३ | महिनावारी भएको बेला चाहिने सरसफाइ सामग्रीहरुको बारेमा जानकारी छ ? | | | | | | | | | | | | |
| २४ | महिनावारी स्वच्छता व्यवस्थापनवारे सामान्य जानकारी छ ? | | | | | | | | | | | | |
| २५ | वडा कार्यालय वा अन्य कुनै संघ संस्थाले महिनावारी सम्बन्धि कुनै सचेतनामुलक कार्यक्रम गरेको जानकारी  छ ? | | | | | | | | | | | | |
| २६ | वडास्तरमा निर्मित संरचनाहरुका सौचालयहरु कम्तीमा पनि इन्सिनेटर सहितका छन्? | | | | | | | | | | | | |

बण्डाड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

## ग. गाउँपालिका/गाँउपालिका स्तरीय घरधुरी सर्वेक्षण फाराम

### खप्तड छेडेदहगाँउपालिका/गाँउपालिका

### महिनावारी स्वच्छता व्यवस्थापन तथा महिनावारी अभ्यासको अवस्था सर्वेक्षण फाराम

गाउँपालिका/गाँउपालिका का जम्मा वडा संख्या...................................... गाउँपालिका/गाँउपालिका जम्मा घरधुरी संख्याः:.................................

| क्र. सं. | सुचक | वडा ............ | | वडा नं............ | | वडा नं............ | | वडा ............ | | वडा ............ | | वडा ............ | | गाउँपालिका/गाँउपालिका को अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | जम्मा घरधुरी संख्या | | प्रतिशत | |
| | | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | घरधुरी संख्या छ | घरधुरी संख्या छैन | छ | छैन | छ | छैन |
| १ | महिनावारी भएको वेला छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| २ | सुत्केरी भएको वेला छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ३ | महिनावारी र सुत्केरी भएको वेला एउटै छाउगोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ४ | महिनावारी भएको वेला गाई वस्तुको गोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ५ | सुत्केरी भएको वेला गाई वस्तुको गोठमा बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ६ | महिनावारी भएको वेला घरभित्र बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ७ | सुत्केरी भएको वेला घरभित्र बस्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ८ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ९ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्दा घरका अन्य सदस्यले सहजै अनुमति दिएको छ ? | | | | | | | | | | | | | | | | |
| १० | महिनावारी भएका वेला सेनीटरी प्याड (पुनः प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| ११ | सेनीटरी प्याड ( पुनः प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको भए प्रयोग गरीसकेपछि, त्यसको बिसर्जन गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| १२ | सेनीटरी प्याड ( पुनः प्रयोग गर्न नमिल्ने प्याड) प्रयोग गर्ने गरेको भए प्रयोग गरीसकेपछि, कसरी बिसर्जन गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क. खाल्डोमा पुर्ने गरेको छ<br>ख. जलाउने गरेको छ<br>ग. बारी वा बनपाखामा मिल्काउने गरेको छ<br>घ. खोलामा बगाउने गरेको छ<br>ङ. फोहर फाल्ने ठाउँमा फाल्ने गरेको छ<br>(क, ख, ग, घ, ङ उल्लेख गर्नुहोस्) | | | | | | | | | | | | | | | | |
| १३ | महिनावारी भएको बेला घरैमा बनाएको सुरक्षित प्याड लगाउने बानी छ ? | | | | | | | | | | | | | | | | |
| १४ | घरमा निर्मित सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | | | | | | | | | | | | | | |
| १५ | महिनावारी भएको वेला सेनीटरि प्याड प्रयोग गरेपछि सावुन पानीले हात धुने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| १६ | महिनावारी भएको वेला कपडा धुन साबुन वा डिटरजेन्ट प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| १७ | महिनावारी भएको वेला कपडा धुन खरानी प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| १८ | महिनावारी तथा सुत्केरी भएको वेला सार्वजनिक धारा प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| १९ | महिनावारी तथा सुत्केरी भएको वेला नियमित नुहाउने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| २० | के महिनावारी तथा सुत्केरीको भएको किशोरी तथा महिलाले अलग्गै धारामा वा खोलामा गई नुहाउने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| २१ | महिनावारी तथा सुत्केरी भएको वेला पोषणक्त खाना (दुध दही, घिउ ) खाने गरेको छ ? | | | | | | | | | | | | | | | | |
| २२ | महिनावारी भएको किशोरी तथा महिला विद्यार्थीहरु विद्यालय जान पाउछन् ? | | | | | | | | | | | | | | | | |
| २३ | महिनावारी भएको बेला चाहिने सरसफाइ सामग्रीहरुको बारेमा जानकारी छ ? | | | | | | | | | | | | | | | | |
| २४ | महिनावारी स्वच्छता व्यवस्थापनवारे सामान्य जानकारी छ ? | | | | | | | | | | | | | | | | |
| २५ | वडा कार्यालय वा अन्य कुनै संघ संस्थाले महिनावारी सम्वन्धि कुनै सचेतनामुलक कार्यक्रम गरेको जानकारी छ ? | | | | | | | | | | | | | | | | |
| २६ | पालिका भित्र निर्मित संरचनाहरुका सौचालयहरु कम्तीमा पनि इन्सिनेटर सहितका छन? | | | | | | | | | | | | | | | | |

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

## अनुसूचि ३: विद्यालय स्तरमा महिनावारी स्वच्छता व्यवस्थापनको अवस्था सर्वेक्षण फाराम

खप्तड छेडेदह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डोगडी, बाजुरा सुदूरपश्चिम, प्रदेश नेपाल

### क. वडा स्तरीय विद्यालय सर्वेक्षण फाराम

### खप्तड छेडेदह गाँउपालिका

### विद्यालयको महिनावारी स्वच्छता व्यवस्थापन अवस्था सर्वेक्षण फाराम

वडामा भएका जम्मा विद्यालय संख्या::....................

वडा नं:....................

| क्र. सं. | सुचक | विद्यालयको नाम .................. | | विद्यालयको नाम .................. | | विद्यालयको नाम .................. | | विद्यालयको नाम .................. | | वडा भित्रमा जम्मा विद्यालयहरुको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | जम्मा विद्यालय संख्या | | प्रतिशत | |
| | | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १ | छात्राहरु महिनावारी हुदा नियमित विद्यालय आउने गरेका छन ? | | | | | | | | | | | | |
| २ | छात्राहरु महिनावारी हुदा विद्यालयको शौचालय प्रयोग गर्ने गरेका छन ? | | | | | | | | | | | | |
| ३ | स्यानेटरी प्याड वा कपडा बाल्ने ठाउँ वा इन्सिनेरेटरको व्यवस्था छ ? | | | | | | | | | | | | |
| ४ | शौचालयमा प्याड व्यवस्थापन गर्न इन्सिनेरेटरको व्यवस्था नभएको स्थानमा बिर्को सहितको डस्टविनको व्यवस्था छ ? | | | | | | | | | | | | |
| ५ | महिनावारीमा प्रयोग गरिने प्याडको परिर्वतन तथा व्यवस्थापन गर्ने उचित स्थान छ ? | | | | | | | | | | | | |
| ६ | महिनावारी सामाग्री सफा गर्न शौचालय भित्र साबुन पानीको ब्यबस्था छ ? | | | | | | | | | | | | |
| ७ | महिनावारी समाग्री ब्यवस्थापन पछि हात धुनका लागि साबुन पानी संगको पहुँच छ ? | | | | | | | | | | | | |
| ८ | के विद्यालयले महिनावारी तथा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी सचेतनामूलक कक्षाहरु सञ्चालनमा ल्याएको छ ? | | | | | | | | | | | | |
| ९ | के विद्यालयले महिनावारी व्यवस्थापनका लागी विद्यालयमा आकस्मिक सामग्रीको व्यवस्था सहित आराम कक्षको व्यवस्था गरेको छ ? | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | के विद्यालयले महिनावारी स्वच्छता व्यस्थापन किशोरी समुह गठन गरि पचिालन गरेको छ ? | | | | | | | | | | | | | | |
| ११ | विद्यालयमा महिनावारी सरसफाइ व्यवस्थापनका सामग्री व्यवस्था गर्न कोष संकलन गर्ने गरेको छ ? | | | | | | | | | | | | | | |
| १२ | विद्यालयमा महिनावारी स्वच्छतामैत्री सौचालय र भेन्डीड. मेसिनको उपलव्धता छ? | | | | | | | | | | | | | | |
| १३ | विद्यालयको आराम कक्ष ( MHM Corner ) मा महिनावारी स्वच्छता व्यवस्थापनका सामग्रीहरु( सेनीटरी प्याड,दुखाइ कम गर्ने औषधी ,पानी तताउने भाडो , Hot Water Bag ,आदी) उपलन्ध छन ? | | | | | | | | | | | | | | |
| १४ | विद्यालयले सन्चालन गर्ने अतिरिक्त क्रियाकलापका कार्यक्रममा महिनावारी स्वच्छता व्यवस्थापनको विषय समेटिरहेको छ ? | | | | | | | | | | | | | | |
| १५ | विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनमा सहयोग पुर्‍याउन महिला श्रोत शिक्षक (Focal Teacher ) को व्यवस्था गरिएको छ ? | | | | | | | | | | | | | | |
| १६ | महिनावारीको समयमा छात्राहरुले विद्यालयबाट सहजै सेनीटरी प्याड माग्ने गरेका र उपलब्ध हुने गरेको छ ? | | | | | | | | | | | | | | |

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल

## ख. गाउँपालिका/गाँउपालिका स्तरीय विद्यालय सर्वेक्षण फाराम

## खप्तड छेडेदह गाँउपालिका

## विद्यालयको महिनावारी स्वच्छता व्यवस्थापन अवस्था सर्वेक्षण फाराम

खप्तड छेडेदह गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालय डोगडी, बाजुरा सुदूरपश्चिम, प्रदेश नेपाल

गाउँपालिकामा भएका जम्मा विद्यालय संख्या::....................

| क.सं. | सुचक | वडा नं......... | | वडा नं......... | | वडा नं......... | | वडा नं......... | | वडा नं......... | | गाउँपालिका/गाँउपालिकामा भएका जम्मा विद्यालयहरुको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | हालको अवस्था | | जम्मा विद्यालय संख्या | | प्रतिशत | |
| | | विद्यालय संख्या (छ) | विद्यालय संख्या (छैन) | विद्यालय संख्या (छ) | विद्यालय संख्या (छैन) | विद्यालय संख्या (छ) | विद्यालय संख्या (छैन) | विद्यालय संख्या (छ) | विद्यालय संख्या (छैन) | विद्यालय संख्या (छ) | विद्यालय संख्या (छैन) | छ | छैन | छ | छैन |
| १ | छात्राहरु महिनावारी हुदा नियमित विद्यालय आउने गरेका छन ? | | | | | | | | | | | | | | |
| २ | छात्राहरु महिनावारी हुदा विद्यालयको शौचालय प्रयोग गर्ने गरेका छन ? | | | | | | | | | | | | | | |
| ३ | स्यानेटरी प्याड वा कपडा बाल्ने ठाउँ वा इन्सिनेरेटरको व्यवस्था छ ? | | | | | | | | | | | | | | |
| ४ | शौचालयमा प्याड व्यवस्थापन गर्न इन्सिनेरेटरको व्यवस्था नभएको स्थानमा विर्को सहितको डस्टविनको व्यवस्था छ ? | | | | | | | | | | | | | | |
| ५ | महिनावारीमा प्रयोग गरिने प्याडको परिर्वतन तथा व्यवस्थापन गर्ने उचित स्थान छ ? | | | | | | | | | | | | | | |
| ६ | महिनावारी सामाग्री सफा गर्न शौचालय भित्र साबुन पानीको व्यबस्था छ ? | | | | | | | | | | | | | | |
| ७ | महिनावारी समाग्री व्यवस्थापन पछि हात धुनका लागि साबुन पानी संगको पहुँच छ ? | | | | | | | | | | | | | | |
| ८ | के विद्यालयले महिनावारी तथा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी सचेतनामूलक कक्षाहरु सञ्चालनमा ल्याएको छ ? | | | | | | | | | | | | | | |
| ९ | के विद्यालयले महिनावारी व्यवस्थापनका लागी विद्यालयमा आकस्मिक सामग्रीको व्यवस्था गरेको छ ? | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | के विद्यालयले महिनावारी स्वच्छता व्यस्थापन किशोरी समुह गठन गरि पचािलन गरेको छ ? | | | | | | | | | | | | | | |
| ११ | विद्यालयमा महिनावारी सरसफाइ व्यवस्थापनका सामग्री व्यवस्था गर्न कोष संकलन गर्ने गरेको छ ? | | | | | | | | | | | | | | |
| १२ | विद्यालयमा महिनावारी स्वच्छतामैत्री सौचालय र भेन्डीड. मेसिनको उपलब्धता छ? | | | | | | | | | | | | | | |
| १३ | विद्यालयको आराम कक्ष ( MHM Corner ) मा महिनावारी स्वच्छता व्यवस्थापनका सामग्रीहरु( सेनीटरी प्याड,दुखाइ कम गर्ने औषधी ,पानी तताउने भाडो , Hot Water Bag ,आदी) उपलन्ध छन ? | | | | | | | | | | | | | | |
| १४ | विद्यालयले सन्चालन गर्ने अतिरिक्त क्रियाकलापका कार्यक्रममा महिनावारी स्वच्छता व्यवस्थापनको विषय समेटिरहेको छ ? | | | | | | | | | | | | | | |
| १५ | विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनमा सहयोग पुर्‍याउन महिला श्रोत शिक्षक (Focal Teacher ) को व्यवस्था गरिएको छ ? | | | | | | | | | | | | | | |
| १६ | महिनावारीको समयमा छात्राहरुले विद्यालयवाट सहजै सेनीटरी प्याड माग्ने गरेका र उपलब्ध हुने गरेको छ? | | | | | | | | | | | | | | |

बुढीनन्दा छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश नेपाल